# मन्थली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप, प्रदेश नं. ३, नेपाल

Tender Sewa
www.tendersewa.com

फोन नं. ०४८-५४०११२

## सिलबन्दी बोलपत्र आह्वानसम्बन्धी सूचना

**सूचना नं. MM/WORKS/NCB/01/075/076**

**(प्रथमपटक सूचना प्रकाशित मिति : २०७५।०९।२०)**

यस कार्यालयअन्तर्गत तपसिलमा उल्लेखित निर्माण कार्य सिलवन्दी वोलपत्रवाट गराउनुपर्ने भएकोले नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरूका लागि निम्न सर्तहरूको अधीनमा रही रीतपूर्वकको सिलवन्दी वोलपत्र आह्वान गरिन्छ।

१. वोलपत्र कागज यस कार्यालयवाट यो सूचना प्रकाशित भएको मितिले ३१ (एकतीस) औं दिन (२०७५।१०।२०) को कार्यालय समयभित्र प्रोप्राइटर वा निजको अधिकृत प्रतिनिधिवाट तपसिलवमोजिम नगदै दस्तुर तिरी वा यस कार्यालयको नाममा रहेको रा.वा. वैंक मन्थलीस्थित संचित कोष खाता नं. १६८०३०४०१८१०२ मा नगद जम्मा गरेको सक्कलै भौचर पेस गरी (पछि फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ ।

२. वोलपत्र खरिदका लागि निवेदन पेस गर्दा निवेदनसाथ उद्योग/व्यवसाय दर्ता/नवीकरण प्रमाणपत्र, ठेक्का (इजाजत) प्रमाणपत्र, आयकरको स्थायी लेखा नम्वर, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र, आ.व. २०७४।०७५ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि र कालोसूचीमा नपरेको स्वयं घोषणापत्र संलग्न गरी पेस गर्नुपर्नेछ।

३. खरिद भएको सिलवन्दी वोलपत्र फाराममा उल्लेख भएका सवै विवरणहरू प्रष्टसँग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहीछाप गरी नियमानुसार यो सूचना प्रकाशित भएको मितिले ३२ (औं) दिन (२०७५।१०।२१ गते) दिनको १२.०० वजेभित्र यस कार्यालयमा दाखिला गर्न सकिने छ। दाखिला हुनआएका वोलपत्रपत्रहरू सोही दिन दिनको १.०० वजे यस कार्यालयमा उपस्थित वोलपत्रपत्रदाताहरू वा निजको अधिकार प्राप्त प्रतिनिधिहरू र कार्यालयका प्रतिनिधिहरूको रोहवरमा खोलिने छ। वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन।

४. वोलपत्र खरिद गरिने अन्तिम दिन वा वोलपत्र वुझाउने अन्तिम दिन विदा पर्न गएमा सोको लगत्तै कार्यालय खुलेको दिन वोलपत्र खरिद गर्न वा वुझाउन सकिने छ।

५. वोलपत्रको खाम वाहिर ठेक्का नम्वर, कामको विवरण र वोलपत्रदाताको नाम, ठेगाना र फोन नं. (घरको, मोवाइलको) स्पष्ट खोली यस कार्यालयलाई सम्वोधन गरी सो खामलाई सिलवन्दी गरी पेस गर्नुपर्नेछ साथै सिलवन्दी वोलपत्रसाथ दफा नं. २ मा उल्लेखित कागजातहरूको नोटरी पव्लिकवाट प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ। सिलवन्दी वोलपत्र, वोलपत्र खोलिएको मितिवाट ९० दिन अवधिका लागि मान्य हुनेछ।

६. वोलपत्रसाथ तपसिलवमोजिम धरौटी वा जमानतवापतको रकम (मूल्य अभिवृद्धि कर समेत) रा.वा. वैंक शाखा कार्यालय मन्थलीस्थित धरौटी खाता नं. १६८०३०३००७१०२ मा वोलपत्रदाताको नामवाट जम्मा गरेको सक्कलै भौचर वा सो रकम वरावरको मान्यता प्राप्त वाणिज्य वैंकवाट यस कार्यालयको नाममा जारी भएको ठेक्का नं. र कार्य प्रयोजन खुलेको, पेस गर्ने अन्तिम मितिदेखि कम्तीमा १२० (एक सय वीस दिन) म्याद भएको जमानीपत्र (विडवण्ड) पेस गर्नुपर्नेछ। सम्झौता सम्पन्न भएपछि मात्र जमानतवापतको रकम फिर्ता गरिनेछ।

७. वोलपत्रदाताले दररेट उल्लेख गर्दा मूल्य अभिवृद्धि करवाहेकको दररेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।

८. वोलपत्रदाताले पेस गरेको वोलपत्र निर्माणस्थल र कामको सम्वन्धमा राम्ररी वुझी वोलपत्र भरी पेस गरेको मानिने छ।

९. एउटा फर्मको नामवाट खरिद गरिएको वोलपत्र फाराम अर्को फर्मको नाममा दाखिला गर्न पाइने छैन।

१०. संयुक्त उपक्रम (ज.भी.)मा काम गर्ने निर्माण व्यवसायीले संयुक्त लगानीसम्वन्धी सम्झौता सक्कल प्रति पेस गर्नुपर्नेछ। संयुक्त उपक्रममा साझेदारको संख्या ३ भन्दा वढी भएमा स्वीकार गरिने छैन।

११. कुनै सर्त राखी पेस गरेको, सूचनाको सर्त विपरित भएको, कार्यालयवाट उपलव्ध गराइएको वोलपत्र फाराममा कुनै थपघट गरिएको, रीत नपुगेको, म्याद नाघी पेस हुनआएको वोलपत्रउपर कुनै कारवाही गरिने छैन तथा वोलपत्र आंशिकरूपमा वा पूरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१२. यो सूचना यस कार्यालयको वेवसाइट www.manthalimun.gov.np वाट पनि प्राप्त गर्न सकिनेछ।

१३. यस वोलपत्रसम्वन्धी केही कुरा संशोधन गर्नुपरेमा यस कार्यालयको वेवसाइटमा प्रकाशन र सूचनापाटीमा टाँस गरिनेछ।

१४. यस सूचनामा उल्लेख भएकोमा सोहीवमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन, २०७३ र सार्वजनिक खरिद (पाँचौं संशोधन) नियमावली, २०७३ एवं प्रचलित ऐन नियमअनुसार हुनेछ।

**सिलवन्दी वोलपत्रसम्वन्धी कार्यको विवरण :**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम (कन्टिन्जेन्सी र भ्याटबाहेक) रू. | बोलपत्र जमानत रू. | बोलपत्र फाराम दस्तुर रू. |
|---|---|---|---|---|---|
| १. | MM/WORKS/NCB/01/075/076 | जखनीटार चिसापानी वडा कार्यालय वाङ्गसल्ला सडक निर्माण सुधार | १,२४,३३,६२७।१२ | ३,५२,०००। | ३,०००।- |
| २. | MM/WORKS/NCB/02/075/076 | मन्थली नगरपालिका कार्यालय भवन निर्माण दोस्रो तल्ला थप | १,१८,५०,१६९।६० | ३,३५,०००। | ३,०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**